# गौरादह नगरपालिकाको आ.व. ०८०\८१ को बजेट तथा कार्यक्रमको सन्दर्भमा पत्रकार भेटघाट कार्यक्रमः-

**प्रस्तुतकर्ताः- नगर प्रवक्ता तथा वडा नं. १ का वडा अध्यक्ष श्री नगेन्द्र भण्डारी**

कार्यक्रमका अध्यक्ष  नगर प्रमुख ज्यू,

नगर उपप्रमुख ज्यू,

वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु तथा सम्पूर्ण जनप्रतिनिघी ज्यूहरु

हाम्रो निमन्त्रणलाई स्विकार गरि उपस्थित हुनु भएका आम संचारकर्मी मित्रहरु

कार्मचारी मित्रहरु,

कार्यक्रम उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु।

आज हामी गौरादह नगरपालिकाको १२ औ नगर सभा बाट पारित गौरादह नगरपालिकाको आ.व. ०८०\८१ को निती, बजेट तथा कार्यक्रम आम संचारकर्मी मित्रहरुको माध्यम बाट सबै गौरादह नगर वासी तथा सरोकारवालाईहरु समक्ष पुगन सक्नेछ भन्ने विश्वसका साथ उपस्थित भएकाछौ।यस कार्यक्रमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु।

१. अब, म गौरादह नगरपालिकाको आ.व. ०८०\०८१ को निती, बजेट तथा कार्यक्रम निर्माणका केहि महत्वपूर्ण आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- बजेट अनुमान तथा विभाजन र वडाको बजेट सिलिङ्ग नगरपालिकाको समग्र व्ययभारलाई ध्यानमा राखी शुत्रवद्ध विभाजन गरिएकोछ।
- बार्षीक निती निर्धारण गर्दा गौरादह नगरपालिकाको समग्र विकासलाई समेट्ने गरि ६ वटा क्षेत्र र १३ वटा उपक्षेत्रमा विभाजन गरिएकोछ ।
- गौरादह नगरपालिकाको आ.व.०८०\८१ बार्षीक, निती, बजेट तथा कार्यक्रम स्थानीय तहको बार्षीक योजना निर्माण सम्बन्धि दिगदर्शनले व्यवस्था गरेको सात बाट चरण पुरा गरि तयार गरिएकोछ।
- आवधिक योजना, बिषयगत रणनितीक योजना तथा निती कार्यक्रम संग आवद्ध गरि बजेट तथा कार्यक्रम निर्धारण गरिएकोछ।

२. मिति २०८०\०३\०७ गते शुरु भएको १२ औ नगर सभा का ६ वटा बैठक बाट

- ➢ गौरादह नगरपालिकाको नीति तथा कार्यक्रम,
- ➢ गौरादह नगरपालिकाको बजेट तथा कार्यक्रम
- ➢ गौरादह नगरपालिकाको आर्थिक विधेयक, २०८०
- ➢ गौरादह नगरपालिकाको विनियोजन विधेयक, २०८०
- ➢ गौरादह नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०
- ➢ गौरादह नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन २०७९ को संसोधन विधेयक २०८०

- गौरादह नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को संसोधन विधेयक २०८०
- गौरादह नगरपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन
- गौरादह नगरपालिकाको अनुगमन समितिको बार्षिक प्रतिवेदन र
- विविध प्रस्तावहरु पारित गरेकोछ।

**३. आ.व.०८०\८१ को लागि नगर सभाले पारित आय व्ययको अनुमान तपसील अनुसार रहेकोछ ।**

| आ.व. २०८०\०८१ का लागि आय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | बजेटको स्रोत | प्राप्तिको स्रोत | आ.व. २०८०/०८१ को प्रस्तावित आय | कैफियत |
| १ | नगरपालिका | आन्तरिक आय | ४००००००० | |
| २ | संघीय सरकार | वित्तिय समानिकरण | १५२१००००० | |
| ३ | संघीय सरकार | सर्शत अनुदान | ३२७१०००००. | |
| ४ | संघीय सरकार | राजश्व बाँडफाँड | १२२७४२००० | |
| ५ | संघीय सरकार | विशेष अनुदान | १५०००००० | |
| ६ | संघीय सरकार | समपुरक अनुदान | १५०००००० | |
| ७ | प्रदेश सरकार | वित्तिय समानिकरण | ९७९६००० | |
| ८ | प्रदेश सरकार | सवारी साधन कर बाँडफाँड | ७२०४००० | |
| ९ | प्रदेश सरकार | सशर्त अनुदान | २३४२५००० | |
| १० | प्रदेश सरकार | समपुरक अनुदान | १३०००००० | |
| ११ | अन्य | रजिष्टेशन बाँडफाँड | ४००००००० | |
| १२ | सडक बोर्ड नेपाल | सडक मर्मत सम्भार | ३९००००० | |
| १३ | गत सालको सञ्चित कोषमा बचत हुन जाने रकम | | ३००००००० | |
| **कुल जम्मा** | | | ७९,९२,६७,००० | |

| आ.व. २०७९\०८० का लागि व्यय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | बजेटको स्रोत | प्राप्तिको स्रोत | आ.व. २०८०/०८१ को प्रस्तावित व्यय | कैफियत |
| १ | नगरपालिका | आन्तरिक आय | ४००००००० | |
| २ | संघीय सरकार | वित्तिय समानिकरण | १५२१००००० | |
| ३ | संघीय सरकार | सर्शत अनुदान | ३२७१००००० | |
| ४ | संघीय सरकार | राजश्व बाँडफाँड | १२२७४२००० | |
| ५ | संघीय सरकार | विशेष अनुदान | १५०००००० | |
| ६ | संघीय सरकार | समपुरक अनुदान | १५०००००० | |
| ७ | प्रदेश सरकार | वित्तिय समानिकरण | ९७९६००० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | प्रदेश सरकार | सवारी साधन कर बाँडफाँड | ७२०४००० | |
| ९ | प्रदेश सरकार | सशर्त अनुदान | २३४२५००० | |
| १० | प्रदेश सरकार | समपुरक अनुदान | १३०००००० | |
| ११ | अन्य | रजिष्टेशन बाँडफाँड | ४०००००००० | |
| १२ | सडक बोर्ड नेपाल | सडक मर्मत सम्भार | ३९००००० | |
| १३ | गत सालका क्रमागत योजनाहरुको खर्च | | ३०००००००० | |
| | **कुल जम्मा** | | **७९९२६७०००** | |

*कुल व्यय तर्फ रु ७९ करोड ९२लाख ६७ हजार मात्र अनुमान गरिएकोछ।*

- माथि उल्लेखित कूल बजेट रु. ७९ करोड ९२ लाख ६७ हजार मध्ये चालु खर्च रु. ४८ करोड १३ लाख ८३ हजार १ सय ८७ रूपैया कूल बजेटको (६०.२३प्रतिशत) र पूँजिगत तर्फ ३१ करोड ७८ लाख ८३ हजार ८ सय १३ रुपैया (३९.७७ प्रतिशत) रहेको छ।
- चालु खर्च मध्ये वडा कार्यालय र मुख्य प्रशासनिक कार्यालयको समेत कूल कार्यालय संचालन खर्च रु. ११ करोड ३७ लाख ३८ हजार र कार्यक्रम खर्च रू. ३६ करोड ७६ लाख ४५ हजार १ सय ८७ रुपैया रहेकोछ। प्रशासनिक खर्च कूल बजेटको १४.२३ प्रतिशत र कुल चालु खर्चको २३.६ प्रतिशत रहेकोछ भने कार्यक्रम खर्च कुल बजेटको ४५.७७ प्रतिशत र चालु खर्चको ७६.३२ प्रतिशत रहेकोछ।

**४. कार्यालय संचालन बाहेक विनियोजन भएका मुख्य क्षेत्र र रकम यस प्रकार रहेकाछन्।**

| क्र.स | विनियोजन भएका मुख्य मुख्य विषय र क्षेत्रहरु | सर्शत | निशर्त | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तर्फ | ६५८५०००० | १८९५०८५५३ | २५५३५८५५३ | ३७.२५ |
| २ | सामाजिक बिकास | | | | |
| क. | शिक्षा | २४५१००००० | १३०००००० | २५८१००००० | ३७.६५ |
| ख | स्वास्थ्य | ६०९००००० | १८१००००० | ७९०००००० | ११.५२ |
| ग | महिला वालवालिका, जेष्ठ नागरिक, आदिवासी, अपङ्ग, लक्षित वर्ग आदी | १४५२५००० | ३३६७६५९६ | ४८२०१५९६ | ७.०३ |
| ३ | आर्थिक विकास तर्फ | | १२०५८८५१ | १२०५८८५१ | १.७६ |
| क. | कृषि तथा पशु | ७१५०००० | ८५००००० | १५६५०००० | २.२८ |
| ४ | वन वातावरण, विपद तथा फोहर मैला व्यवस्थापन व्यवस्थापन | | ८०००००० | ८०००००० | १.१७ |
| ५ | सूशासन, सामाजिक सेवा प्रवाह | | ९१६०००० | ९१६०००० | १.३४ |
| | जम्मा | ३९३५२५००० | २९२००४००० | ६८५५२९००० | १०० |

- नगरपालिकाले नियमानुसार संकलन गर्न पाउँने कर, दस्तु, सेवा शुल्क ११ औ नगर सभा बाट पारित गरे भन्दा बढाईएको छैन।
- करको दायरामा ल्याउँन नसकेका क्षेत्रहरु लाई दायरामा ल्याउने व्यवस्था मिलाईएकोछ।

- भू उपयोगलाई लाई आठ भागमा बर्गीकरण गरि बर्गीकृत क्षेत्र भित्रका जग्गाहरु लाई पनि जग्गाको भौगिलिक अवस्था, मालपोतको रजिष्ट्रेशन शुल्क, यातायातको सुविधा लाई समेत मध्यनजर गरि प्रत्येक भित्र चार वर्गमा विभाजन गरि भूमि कर (मालपोत दर) निर्धारण गरिएकोछ।
- चालु आ.व. देखी प्रत्येक व्यक्तिले आफ्नो जग्गा जमिन घर व्यवसाय आदिको यथार्थ विवरण भरि आफ्नो सम्पतीको मुल्य स्वो:घोषणा गर्न पाउँने व्यवस्था मिलाईएकोछ।
- व्यवसाय कर लाई नियमित र व्यवस्थित गर्न - नगरपालिका क्षेत्र भित्र संचालनमा रहेर पनि नगरपालिकामा व्यवसाय दर्ता\नविकरण नभएका\ नगरेका उद्योग व्यावसायहरुलाई एक पटकका लागि वि.स. २०८० आश्विन मसान्त भित्र दर्ता \नविकरण हुन आएमा चालु आ.व. को दरमा विगत दुई आर्थिक बर्षको व्यावसाय कर तिरेमा त्यस्ता उद्योग व्यवसायहरुको दर्ता \ नविकारण गरिनेछ।सोभन्दा अगाडीको व्यवसाय कर खोजि गरिनेछैन र सुबिधा दिएको अवधी भित्र दर्ता नबिकरण हुन नआउने उद्योग व्यबसायहरु सगँ व्यवसाय कर बकौता कायम गरि सरकारी बाँकी सरह असुलउपर गर्ने नीति रहनेछ।
- नगरपालिका क्षेत्र भित्रका आपूर्तिकार्ता, सेवाप्रदायहरु लगायत सबै प्रकारका व्यापार व्यवसाय उद्योग हरु अनिवार्यरुपमा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ। नगरपालिकाको कार्यालय वा वडा कार्यालय बाट भुक्तानी गर्दा चालु आ.व. का लागि व्यवसाय दर्ता\नविकरण र नगरपालिकालाई तिर्नु बुझाउँनुपर्ने सबै खालको कर तथा शुल्क बुझाएको पछि मात्र भुक्तानी दिने व्यवस्था मिलाउँने।यस नगरपालिका बाहिरका आपूर्तिकार्ता\सेवा प्रदाय हरु लगायत सबै प्रकारका व्यापार व्यवसाय उद्योगहरु लाई भुक्तानी\सिफारीस\ संझौता \नियुक्त गर्नु पर्दा त्यस्ता आपूर्तिकर्ता, सेवा प्रदायहरु लगायत सबै प्रकारका व्यापार, व्यवसाय, उद्योगहरु समेत नगरपालिकामा अनिवार्यरुपमा सूचिकृत हुनुपर्नेछ।
- गौरादह कृषि क्यापसमा स्नातक तहमा अध्यायन गर्न गौरादहका विद्यार्थीहरुका लागी कोटा निर्धारण गर्न कृषि तथा पशु अध्यायन संस्था, डिनको कार्यालय सगँ माग गरिएको छ।

अन्त्यमा, उपलब्ध गराईएको १२औ नगर सभा बाट पारित नितीगत व्यवस्था र बार्षीक बजेट तथा कार्यक्रमको विस्तृत विवरण लाई अध्ययन गरि वास्तवि तथ्य लाई आम जनसमुदाय समक्ष पुर्याइ दिन हुन र सकारात्मक विवेचना तथा सुझावका लागि सबै नगरबासी तथा सरोकारवालहरु संग हार्दिक अनुरोध गर्दछौ ।

धन्यवाद !!!

स्थानः नगर कार्यपालिकाको कार्यालय, गौरादह नगरपालिका, गौरादह झापा

मितिः- २०८०\०४\२३